# संगम बचत तथा ऋण सहकारी संस्था लि.
बिदुर ४, नुवाकोट

# सातौं बार्षिक साधारण सभा
३१ भाद्र, २०६८

**संगम बचत तथा ऋण सहकारी संस्था लि. को सातौं बार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्ष श्री रमेश कुमार श्रेष्ठ ज्यूको प्रतिवेदन**

श्रीमान् प्रमुख अतिथि ज्यू, बिशिष्ट अतिथि ज्यू, अतिथी ज्यूहरु, बिभिन्न संघ संस्थाबाट पाल्नु भएका प्रमुख एवं प्रतिनिधिज्यूहरु, शेयरधनी महानुभावहरु, सहकारीकर्मी मित्रहरु, पत्रकार मित्रहरु, महिला तथा सज्जनबृन्दहरुलाई संस्थाको तर्फबाट तथा आफ्नो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत अभिवादन व्यक्त गर्दछु ।

लोकतान्त्रिक गणतन्त्रको नयाँ नेपाल बनाउने आधार सहकारी क्षेत्रको विकास र प्रवर्द्धन भएको हुनाले राष्ट्रिय सहकारी संघको गाउँ गाउँमा सहकारी घरघरमा रोजगारी भन्ने मुल नारालांई हाम्रो संस्थाले दृढपुर्वक पालना गर्ने विश्वास दिलाउदै नेपाल सरकारले अंगिकार गरेका राष्ट्रिय अर्थ ब्यवस्थाको तिन खम्बा सरकारी, निजी र सहकारीमा सहकारी को माध्यमबाट टेवा पुऱ्याउने प्रतिवद्धता ब्यक्त गर्दछु । बिभिन्न किसिमका समस्या, चुनौति र अवसरसंग मुकाबिला गर्दै सम्पूर्ण शेयर सदस्यहरुको सामाजिक, आर्थिक, राजनितिक र सांस्कृतिक परिवर्तन गर्न प्रत्येक सदस्यको आय बृद्धि हुने कार्य गरिने समेत अवगत गराउन चाहन्छु ।

संस्थाको प्रगतिको खातिर र सञ्चालक एवं शेयरसदस्यहरुलाई क्रियाशिल गरी लक्ष्य सम्म पूग्न यस सस्थाले सञ्चालक समिति र लेखा समिति बाहेक बिभिन्न उपसमितिहरुको गठन गरी कार्यबिभाजन समेत गरिएको छ । यस संस्थाले बिगतमा शिक्षा, स्वास्थ्य, खेलकुद, सामाजिक कार्य तथा बाढिपिडीतलाई राहत दिने सेवामुलक कार्यहरुपनि संचालन गरी सम्पन्न गरिएको साथै राष्ट्रिय सहकारी बैंक त्रिशुली शाखामा उत्कृष्ट कारोवार गरे बापत सम्मान तथा प्रशंसा पत्र प्राप्त गरको समेत जानकारी गर्दछु ।

संस्थाले शैक्षिक क्षेत्रमा पनि योगदान पुऱ्याउने उद्देश्यले सर्वप्रथम नुवाकोट आर्दश बहुमुखी क्याम्पस बट्टारमा कक्षा ११ मा अध्ययनरत जेहेन्दार तथा आर्थिक अवस्था कमजोर भएका २ जना विद्यार्थीहरुलाई **"संगम सहकारी शिक्षा छात्रवृत्ति"** प्रदान गर्ने संचालक समितिबाट निर्णय भए बमोजिम साधारण सभामा अनुमोदनको लागि पेश गरेको समेत जानकारी गर्दछु ।

संस्थाको चालु आव ०६७।६८ मा उत्कृष्ट आर्थिक कारोवार गरी योगदान पुऱ्याए बापत संस्थामा आवद्ध सदस्यहरुलाई यसै सभाबाट सम्मान तथा प्रंशसा पत्र प्रदान गरिने जानकारी गर्दछु ।

यस संस्थाले नयाँ बर्ष २०६८ सालको क्यालेन्डर प्रकाशन गर्न प्रर्वद्धनात्मक सहयोग गर्नुहुने मित्रहरु श्री आनन्द गहना पसल त्रिशुली, प्रंशसा बुक्स एण्ड स्टेशनरी सेन्टर त्रिशुली, समुन्द्र रेडियो टिभि

बट्टार, सत्य साई डिस्ट्रिब्युटर्स बट्टार, मुरलीटार चिम्नी इट्टा, जमिल स्टोर बट्टार, न्यू सिद्धि अटो बट्टार, एस पि अमात्य स्टोर बट्टार, चुलन पोल्ट्री ब्रिडिङ फर्म कोलनी, सनिता भेटेरीनरी सेन्टर कोलनी, श्रेष्ठ भेटेरीनरी फर्म बट्टार, त्रिशुली फेन्सी स्टोर त्रिशुली, जोशी एण्ड सन्स भाडा पसल त्रिशुली, श्रेष्ठ राईस तथा चिउरा उद्योग कोलनी, हाम्रो रेन्टल एण्ड टेन्ट हाउस बट्टार, टप इन टाउन रिसोर्ट नयाबस्ती कोलनी, होटल सतान्चुली बट्टारलाई धन्यवाद दिन चाहन्छु ।

यस सहकारी सस्थाको उत्तरोत्तर प्रगति तथा समृद्धिको लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संस्थालाई बहुमूल्य सहयोग तथा सुझाव प्रदान गरि सस्थाको कार्यदक्षता तथा सेवा बृद्धि गर्न मद्धत गर्ने सम्पूर्ण महानुभावहरु, संस्थाको हित तथा प्रगतिको लागि मार्ग निर्देशन दिने जिल्ला सहकारी संघ, नुवाकोट उद्योग बाणिज्य संघ, राष्ट्रिय सहकारी बैंक, सहकारी रजिष्ट्रार कार्यालय, डिभिजन सहकारी कार्यालय, पत्रकार मित्रहरु, हामीलाई अपार स्नेह, माया, बिश्वास र सुझाव प्रदान गरी संस्थाको उत्तरोत्तर प्रगतिमा लागि पर्नुहुने संस्थाका सम्पूर्ण शेयर सदस्यज्यूहरु, संचालक समितिका सदस्यज्यूहरु, लेखा समितिका सदस्यज्यूहरु, सल्लाहकार ज्यूहरु, सम्पूर्ण उपसमितिका सदस्यज्यूहरु, संस्थाको कर्तब्यनिष्ठ कर्मचारी मित्रहरु सबैलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

आगामी दिनहरुमा पनि सबै क्षेत्रहरुबाट सदा झै सहयोग तथा सद्भाव पाउने विश्वास लिदैं आ.ब. ०६७/६८ को सन्तुलन परिक्षण, नाफा नोक्सान, वासलात तथा नगद प्रवाह बिवरण यँहाहरुबाट अनुमोदन हुने नै छ भन्ने विश्वास समेत लिएको छु । साथै बिजया दशमी तथा शुभ दिपावली २०६८ को हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दै यहाँहरुबाट बिदा लिन्छु ।

धन्यवाद ! जय सहकारी !

मिति : २०६८ भाद्र ३१

# संगम बचत तथा ऋण सहकारी संस्था लि.
बिदुर ४, नुवाकोट

## सातौं बार्षिक साधारण सभा
३१ भाद्र, २०६८

**संगम बचत तथा ऋण सहकारी संस्था लि.का कोषाध्यक्ष श्री राजु विक्रम खतिवडा ज्यूद्धारा सातौं बार्षिक साधारण सभामा प्रस्तुत बजेट, कार्यक्रम तथा प्रगति विवरण**

यस सहकारी संस्थाको सातौं बार्षिक साधारण सभाको सभापतित्व गरी रहनु भएका यस संस्थाका अध्यक्ष ज्यू, अत्यन्त व्यस्तताका बाबजुद पनि हाम्रो आमन्त्रणलाइ स्वीकार गरी यस सभामा शोभा प्रदान गर्नुहुने आदरणीय प्रमुख अतिथी ज्यू, विशिष्ट अतिथी ज्यू, अतिथी ज्यूहरु, सल्लाहकार ज्यूहरु, शेयर सदस्य ज्यूहरु, पत्रकार मित्रहरु, सभामा उपस्थित हुनुभएका सम्पूर्ण शुभचिन्तक मित्रहरु तथा सहकारी सेवामा कार्यरत कर्मचारी साथीहरुमा संगम बचत तथा ऋण सहकारी संस्था लि. तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत अभिवादन व्यक्त गर्न चाहन्छु ।

**यसै क्रममा यहाँहरु समक्ष आ.ब. २०६७/६८ को लेखापरिक्षण प्रतिवेदन अनुसार संस्थाले प्राप्त गरेको उपलब्धि तथा गतिबिधि बारे प्रकाश पार्न चाहन्छु ।**

**शेयर पूँजी तर्फ :**

आ.ब. २०६७/०६८ मा संस्थाको कुल शेयर पूँजी रु. १०१०१३००/- (एक करोड एक लाख एक हजार तिनसय रुपैया मात्र) रहेको छ । जुन संस्थाको सदस्यहरुको शेयर लगानी तथा बचतको सुरक्षाको लागि आवश्यक छ ।

**निक्षेप तर्फ :**

आ.ब. २०६७/०६८ मा संस्थामा जम्मा निक्षेप बचत रु. ७९७२१७६१।९५ ( सात करोड सन्तानब्बे लाख एक्काइस हजार सातसय एकसट्टी रुपैया पन्चानब्बे पैसा मात्र ) र निक्षेप भुक्तानी रु. ७६५०२०८५।०० ( सात करोड पैसट्टी लाख दुई हजार पचासी रुपिया मात्र ) भई हाल सम्म ३१६०२३५५।२५ (तिन करोड सोह्र लाख दुई हजार तिनसय पचपपन्न रुपिया पच्चिस पैसा मात्र ) निक्षेप फिर्ता गर्नु पर्ने देखिन्छ ।

**ऋणतर्फ :**

आ.ब. २०६७/०६८ सम्ममा संस्थाको कुल कर्जा लगानी रु. ३२१२७७९६/००- ( तिन करोड एक्काइस लाख सत्ताइस हजार सातसय छयानब्बे रुपैया) र कर्जा असुली २७६४२७९९/- ( दुइ करोड छैहत्तर लाख बयालिस हजार सातसय उनान्सय रुपैया मात्र ) भई रु. ३३१९२७६२/- ( तिन करोड एकतिस लाख बयानब्बे हजार सातसय बैसट्टी रुपैया मात्र ) कर्जा लगानी भएको देखिन्छ ।

**मौज्दात रकम :**

आ.ब. २०६७/०६८ मा नगद मौज्दात रु. १८००२/१९ ( अठार हजार दुई रुपैया उन्नाइस पैसा मात्र ) र बैंक मौज्दात रु. ३५९१७६४।७४ ( पैतिस लाख एकानब्बे हजार सातसय चौसट्टी रुपिया चौहत्तर पैसा मात्र) मौज्दात देखिन्छ ।

**नाफा :**

यस संस्थाले आ.ब. ०६७/६८ मा रु. ११२५२५।०३ ( एक लाख बाह्र हजार पाचसय पच्चिस रुपिया तिन पैसा मात्र) खुद नाफा हासिल गर्न सकिएको छ ।

**शेयर सदस्य :**

स्थापना कालमा ३९ जना शेयर सदस्यद्धारा स्थापीत यस सहकारी संस्थामा यस बर्ष शेयर सदस्य बृद्धि गरी कारोबार सञ्चालन ल्याइएको छ । हाल सम्म कुल शेयर सदस्य महिला २०९ र पुरुष ३१० गरी जम्मा शेयर सदस्य ५१९ भएको जानकारी गराउदछु ।

**कोषको ब्यबस्था :**

यस संस्थाले संस्था संचालन प्रक्रियामा मजबुदी ल्याउन यस आ.व मा ऋणको १ प्रतिशत रु. ३३२१३४/०० (तिन लाख बत्तिस हजार एक सय चौतिस रुपैया मात्र) जोखिम ब्यहोर्ने कोष व्यवस्था गरिएको छ साथै बिभिन्न शिर्षकमा कोष बाडँफाड गरी यस बर्ष कुल रु ५४७६५१।९२ ( पाच लाख सतचालिस हजार छ सय एकाउन्न रुपिया बयानब्बे पैसा मात्र) भएको जानकारी गराउदछु ।

**अब म यस साधारण सभामा यस संस्थाको आगामी ०६८/०६९ र ०६९/०७० को लागी बजेट तथा कार्यक्रम प्रस्तुत गर्न अनुमती चाहन्छु ।**

**आ.ब.०६८/६९ तथा ०६९/७० को अनुमानित बजेट तथा कार्यक्रम**

**१) आ.व. ०६८/६९ तथा ६९/७० को अनुमानित शेयर पुजी, निक्षेप तथा ऋण लगानीको कार्यक्रम विवरण**

| क्र.स. | शीर्षक | आ.व.०६८/६९ | आ.व.०६९/७० |
|---|---|---|---|
| १. | शेयर सदस्य संख्या | १००० | १५०० |
| २. | शेयर पुंजी | १,५०,००,००० | २,००,००,००० |
| ३. | निक्षेप संकलन | ६,००,००,००० | ९,००,००,००० |
| ४. | कर्जा लगानी | ७,००,००,००० | १०,०००,०००० |
| ५. | कर्जा असुली | ६,५०,००,००० | ७,५०,००,००० |

२) आ.व. ०६८/०६९ तथा ०६९/०७० को अनुमानित आम्दानी खर्चको विवरण

क) आम्दानी तर्फ

| क्र.स. | शीर्षक | आ.व.०६८/६९ | आ.व.०६९/७० |
|---|---|---|---|
| १. | ऋणबाट व्याज | ६०,००,००० | ७०,००,००० |
| २. | लगानीबाट ब्याज | ३,००,००० | ४,००,००० |
| ३. | अन्य आम्दानी | १५००००० | २०००००० |
| | **जम्मा** | **७८,००,०००** | **९४,००,०००** |

ख) खर्च तर्फ

| क्र.स. | शीर्षक | आ.व.०६८/६९ | आ.व.०६९/७० |
|---|---|---|---|
| १. | निक्षेपमा व्याज | ४०,००००० | ५०,००००० |
| २. | प्रशासनीक खर्च | ३,००,००० | ४,००,००० |
| ३. | बिद्युत/टेलीफोन | ५०,००० | ६०,००० |
| ४. | विज्ञापन तथा छपाइ | ५०,००० | ६०,००० |
| ५. | ह्रास कट्टि | ५०,००० | ६०,००० |
| ६. | मसलन्द | १,००,००० | १,००,००० |
| ७. | अन्य खर्च | १०,००,००० | १०,००,००० |
| | **कुल** | **५५५०,०००** | **६६,८०,०००** |

३) आ.व. ०६८/६९ तथा ०६९/७० को अनुमानित नाफा नोक्सान विवरण

| आय | | व्यय | | नाफा/नोक्सान | |
|---|---|---|---|---|---|
| आ.व.०६८/०६९ | ०६९/०७० | आ.व.०६८/०६९ | ०६९/०७० | आ.व.०६८/०६९ | ०६९/०७० |
| ७८,००,००० | ९४,००,००० | ५५५०,००० | ६६,८०,००० | २२५०००० | २७२०००० |

**अब म यस साधारण सभामा यस संस्थाको आगामी ०६८/०६९ र ०६९/०७० को लागी प्रस्तावित कार्यक्रमहरु प्रस्तुत गर्न अनुमती चाहन्छु।**

## प्रस्तावित कार्यक्रमहरु :

**बचत योजनाहरु :**

संगम सुपर सेभिङ प्लस बचत योजना दैनिक मौज्दातमा ९ प्रतिशत व्याज
संगम प्रिपेड मुद्धती बचत योजना
संगम रेमिटान्स बचत योजना
संगम लखपति बचत योजना
संगम बाल बचत खाता

प्रस्तावित कार्यक्रम, बजेट तथा प्रगती प्रतिवेदन आवश्यक सुझाव सहित पारित गरिदिनुहुनका साथै यस सहकारी संस्थाको प्रगतीको लागि यँहाहरुको अमूल्य एवं सक्रिय सुझाव/सहयोगको अपेक्षा गर्दै आफ्नो प्रतिवेदन यही अन्त्य गर्न चाहन्छु ।

धन्यवाद, जय सहकारी !

मिति : भाद्र ३१, २०६८

**संगम बचत तथा ऋण सहकारी संस्था लि. को सातौं बार्षिक साधारण सभामा लेखा समितिको तर्फबाट संयोजक श्री सुदिप अमात्यज्यू द्धाराबाट प्रस्तुत प्रतिवेदन**

श्रीमान् सभापति ज्यू, प्रमुख अतिथि ज्यू, बिशिष्ट अतिथि ज्यू, अतिथि ज्यूहरु, बिभिन्न संघ संस्थाबाट पाल्नु भएका प्रमुख एवं प्रतिनिधी ज्यूहरु, शेयर धनी महानुभावहरु, सहकारी कर्मी मित्रहरु, पत्रकार मित्रहरु, महिला तथा सज्जनबृन्दहरुलाई समितिको तर्फबाट तथा आफ्नो ब्यक्तिगत तर्फबाट हृदय देखी नै स्वागत अभिवादन ब्यक्त गर्दछु ।

यस संगम बचत तथा ऋण सहकारी संस्था लि को सातौं बार्षिक साधारण सभामा आ.ब. ०६७/६८ को लेखा समितिको बार्षिक प्रतिवेदन यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाँउदा मलाई अत्यन्त खुशी लागेको छ ।

**आदरणीय सदस्य मित्रहरु,**

बिश्वब्यापी आर्थिक मन्दीको प्रभाव रहेको बर्तमान अवस्थामा त्यसको प्रत्यक्ष असर नेपालमा पनि पर्नु स्वभाविकै हो । यस्तो अवस्थामा पनि विभिन्न चुनौतिका बाबजुद यस संस्थाले उल्लेख्य कारोवार गर्न सफल रहेको पाँउदा हामी हर्षित छौ । जसको मुख्य कारण यस संस्थासंग आवद्ध युवा साथीहरुको जोस जाँगर सामुहिक प्रयास तथा संस्थाको हित चिताउने दाजुभाई तथा दिदिबहिनीहरुको सहयोग नै हो ।

साथै आगामी आ.ब. हरुमा गुणस्तरीय सेवा बृद्धि गर्दै लगानीको नयाँ नयाँ क्षेत्रहरुको खोज गर्ने, शेयर सदस्य महानुभावहरुको चाहना बमोजिम आधुनिक बित्तिय सेवा तथा सुविधा उपलब्ध गराउदै लैजान संस्था अग्रसर हुनेछ भन्ने आशा राख्दछु । लेखा समितिले यस संस्थाको दैनिक कारोवार व्यवस्थित गर्नुका साथै नितीगत स्पष्टताका लागि संचालक समितिलाई सुझाब दिदै आएको छु । लेखा समितिका सुझावहरुलाई संचालक समितिले गम्भिरताका साथ मनन गर्दै अगाडी बढेको कुरा जानकारी गराउन चाहुन्छु । संख्यात्मक रुपमा बढदै गएको सहकारी माझ यस संस्थाले प्रभावकारी रुपमा आफुलाई स्थापित बनाउदै लगेको कुरा यसको कारोवारबाट प्रष्ट हुन्छ तथापी यसमा मात्र सन्तोष नमानी यसलाई अझ प्रभावकारी रुपमा अगाडी बढाउनु पर्ने देखिन्छ ।

अब म लेखा समितिको तर्फबाट यस संस्थाको समग्र स्थितिको बारेमा अध्ययन गरी बिश्लेषणात्मक बिवरण छोटकरीमा निम्नानुसार जानकारी गराउन गईरहेको छु ।

**निक्षेप :**

संस्थाको शेयर पूँजिको अनुपातमा निक्षेपको अवस्था न्युन रहेको देखिन्छ । तसर्थ निक्षेप बढाउन निक्षेपकर्ताहरुलाई आकर्षित गर्न ब्याजदर परिमार्जन तथा नयाँ नयाँ योजनाहरु ल्याउनु पर्ने देखिन्छ ।

**ऋण लगानी :**

संस्थाको कुल पुंजी को अनुपातमा लगानी कम मात्रामा भएकोले लगानी बढाउनु पर्ने देखिन्छ । जस्ले संस्थाको आम्दानीमा बृद्धि हुने देखिन्छ । नाफाको प्रभावकारीता बढाउनका लागि नगद प्रवाहमा

बिशेष जोड दिनुपर्ने भएकोले प्रवाहित ऋणको सावाँ र ब्याज यथाशिघ्र असुली गर्नका लागि सुझाब दिईन्छ । रु १०००००।- भन्दा बढिको ऋण प्रवाहमा अधिकांश ऋणीहरु संग धितो लिई सुरक्षित ऋण प्रवाह गरेको देखियो । बिना धितो ऋण प्रवाहलाई निरुत्साहित गर्न सुझाव दिईन्छ ।

**आम्दानी/खर्चको व्यवस्था :**

संस्थाको अन्तिम हिसाव खाता अनुसार केही खर्च शिर्षकहरु ज्यादा देखीएकोले कटौती गर्नु पर्ने देखीन्छ । साथै आम्दानीमा बुद्धि गर्न स्रोतको खोजी गर्नु पर्ने देखिन्छ ।

**स्थिर सम्पत्ति :**

यस संस्थाले गत आव मा जग्गा खरिद गरेकोले स्थिर सम्पत्तिमा बुद्धि भएको देखिन्छ । संस्थाको उक्त जग्गामा व्यावसायिक भवन निर्माण गरी आफ्नै भवनबाट कार्य सञ्चालन गर्नका साथै आम्दानीको एउटा स्रोत बनाउन पनि सकिन्छ ।

**जोखिम कर्जा कोषको व्यवस्था :**

संस्थाले आव ०६६।६७ देखीनै जोखिम ब्यहोर्ने कोषको ब्यवस्था गरेकोमा आव ०६७।६८ सम्म रु. ३३२१३४।- (तिन लाख बत्तिस हजार एक सय चौतिस रुपिया) व्यवस्था गरेको देखिन्छ । जुन भबिष्यमा हुन सक्ने खराव कर्जाको व्यवस्थापनको लागि उपयोगी देखिन्छ ।

**निर्णय प्रक्रिया :**

संस्थाको कुनै पनि निर्णय दिर्घकालिन असर पार्ने खालका भए साधारण सभाबाट, अल्पकालिन असर पार्ने भए सञ्चालक समितिबाट र सामान्य निर्णय भए कार्यकारी सञ्चालन ब्यवस्थाबाट हुनुपर्ने कुरालाई लेखा समितिको तर्फबाट जोड दिईन्छ ।

**मानव संसाधन :** मानव संसाधन उपसमितिले कर्मचारी नियुक्ती गर्दा प्रभावकारी र निष्पक्ष रुपमा कार्य सम्पादन गरेको देखिन्छ ।

**योजनाहरु :**

संस्थाका सदस्यहरुको सर्वोपरी हितका लागि हाल सम्म सञ्चालिन सबैखाले योजनाहरु प्रभावकारी भएको र यसलाई अझ थप नयाँ उर्जाको साथ नविन क्षेत्रहरुमा लगानी गरी दिर्घकालिन र प्रभावकारी परिणाम प्राप्त गर्नुहुन अनुरोध गरिन्छ ।

**सामाजिक योगदान :**

यस संस्थाले हालसम्म गरेका सामाजिक क्रियाकलापहरु उल्लेखनीय छन् यद्यपि यस्ता कार्यहरुलाई निरन्तरता दिदै आफ्नो सेवा र सहयोग सदस्यहरुमा साथै नुवाकोट र सम्रग देशबाशीलाई पुऱ्याउनको लागि लेखासमिति जोड दिन चाहन्छु ।

अन्त्यमा, यस सहकारी संस्थालाई यो स्थिति सम्म पुऱ्याउनु हुने संचालक समिति सदस्यहरु, अन्य उपसमिति सदस्यहरु, सल्लाहकारज्यूहरु, सरोकारवाला सघसंस्थाहरु र कर्मचारीहरुमा कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

जय सहकारी !

**लेखा समिति**

मिति : २०६८ भाद्र ३१